# काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड
## मुख्य कार्यालय
### खरिद शाखा

पुन: सूचना प्रकाशित मिति:२०८३/०६/१२

बिषय : दररेट उपलब्ध गराइदिने बारे सूचना ।

उपरोक्त बिषयमा यस कम्पनीको लागि यसै साथ संलग्न TOR बमोजिमको चार्टड एकाउन्टेन्टको परामर्श सेवा आवश्यक भई खरिद गर्नुपर्ने भएकोले मौजुदा सुचिमा सूचिकृत सेवा प्रदायक/आपूर्तिकर्ताहरुले तपशिलमा उल्लेखित सेवा के कति दर रेटमा उपलब्ध गराउने हो ? सो सेवाको दर रेट दररेट मिति २०८३/०६/१६ गते कार्यालय समय भित्र उपलव्ध गराईदिनु हुन अनुरोध छ।

तपसिल:

| S.N. | Description | Unit | Qty | Rate without VAT |
|---|---|---|---|---|
| 1 | Chartered Accountant (CA) Fee | Working Days | 30 | |
| 2 | Travel Cost | Working Days | 30 | |

त्रिपुरेश्वर मार्ग
काठमाडौं, नेपाल

Email:- info@kathmanduwater.org
www.kathmanduwater.org

फोन नं.: ४११७३५६, ४११७३५७,
४११७३५८, ४११७३५९

# कार्य क्षेत्रगत शर्त (Terms of Reference-TOR)

## चाटर्ड एकाउन्टेन्ट : केन्द्रीय लेखा - का.खा.उ.लि.

### १.पृष्ठभूमी(Background)

काठमाडौं उपत्यका खानेपानी लिमिटेडको केन्द्रीय लेखा शाखामार्फत मुख्य कार्यालय तथा सबै शाखा कार्यालयहरुको वित्तीय कारोवार, लेखा अभिलेखन तथा प्रतिवेदन कार्यलाई व्यवस्थापन गरिदै आएको छ। केन्द्रीय लेखा सफ्टवेयर प्रणालीलाई व्यवस्थित,समयानुकुल र कानुनसम्मत बनाउन एक योग्य चार्टर्ड एकाउन्टेन्टको सेवा आवश्यक भएकाले यो TOR तयार गरिएको हो।

### २. उद्देश्य(Objectives)

- केन्द्रीय लेखा सफ्टवेयर प्रणालीलाइ समय मै सम्पन्न गर्न आवश्यक प्राविधिक तथा लेखासम्बन्धी परामर्श प्रदान गर्ने,
- लेखा प्रणाली तथा सफ्टवेयर मोड्युलहरुको परिक्षण तथा प्रमाणिकरण गर्ने,
- केन्द्रीय लेखा सफ्टवेयर प्रणालीलाइ पूर्णरुपमा संचालनयोग्य बनाउने।

### ३. कार्यक्षेत्र(Scope of work)

चार्टर्ड एकाउन्टेन्टले निम्न कार्यहरु सम्पादन गर्नुपर्नेछः

- विद्यमान लेखाप्रणाली र सफ्टवेयर प्रणालीको अध्ययन र परिक्षण गर्ने,
- स्थिर सम्पती रजिस्टर, शुरु मौज्दात प्रविष्टी र लेखा सफ्टवेयरसँग तालमेल सुनिश्चित गर्ने,
- नेपाल वित्तीय प्रतिवेदनमान(NFRS) अनुसार वित्तीय विवरणहरु / प्रतिवेदनहरु तयार भएको सुनिश्चित गर्ने,
- कम्पनीका सबै महाशाखा तथा शाखाहरुमा लेखा प्रणालीमा एकरुपता सुनिश्चित गर्ने,
- KUKL र KVWSMB बिचको हिसाब मिलानका साथै केन्द्रीय तथा शाखागत हिसाब मिलान गर्ने,
- व्यवस्थापनलाई वित्तीय, कर तथा नियामक् विषयमा परामर्श प्रदान गर्नु,

- केन्द्रीय लेखामा कार्यरत कर्मचारीलाई कार्यस्थलमै तालिम प्रदान गर्नु,
- विद्यमान लेखालाई चुस्त,दुरुस्त तुल्याउन सफ्टवेयर प्रणालीमा गर्नुपर्ने सुधारका लागि आवश्यक सुझाव दिने।

## ४. अपेक्षित प्रतिफल(Deliverables)

- मासिक,त्रैमासिक,बार्षिक एकीकृत वित्तीय प्रतिवेदन
- लेखापरीक्षण सहयोग तथा पालना प्रतिवेदन
- कर विवरण तथा कानूनी पालना सम्बन्धी प्रतिवेदन

## ५. आवश्यक योग्यता तथा अनुभव(Eligibility or Experience)

- चार्टर्ड एकाउन्टेन्ट परिक्षा उतिर्ण गरी **ICAN** मा दर्ता भएको हुनु पर्नेछ।
- कम्तिमा २ बर्षको कार्यानुभव भएको हुनु पर्नेछ।
- कम्तिमा एक सरकारी निकाय तथा संगठित संस्थाको केन्द्रीय लेखा तथा एकीकृत लेखा विवरण तयार गरेको तथा लेखापरिक्षण गरेको हुनुपर्नेछ।

## ६. कार्य अवधि(Time Period)

परामर्शदाताले ३० दिन सम्ममा तोकिएको कार्य सम्पन्न गरी सक्नुपर्नेछ ।

## ७. छनौट प्रक्रिया( Selection Process)

सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ लगायत अन्य प्रचलित कानूनअनुसार हुनेछ ।

## ८. समन्वय (Co-ordination)

प्रशासन तथा अर्थ विभाग मातहत रही अर्थ महाशाखा, केन्द्रीय लेखा शाखा, बजेट शाखा,केन्द्रीय स्टोर शाखा र आवश्यकता अनुसार विभिन्न महाशाखाहरु तथा शाखा कार्यालयहरुसँग समन्वय गर्नुपर्नेछ।

## ९. प्रतिवेदन (Reports)

चार्टर्ड एकाउन्टेन्टले प्रमुख कार्यकारी अधिकृत समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ।

Chata Raj B[illegible]

## १०. पारिश्रमिक तथा भुक्तानी (Remuneration/ Payments)

पारिश्रमिक सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ।परामर्श सेवा दाताले कार्य सम्पन्न गरि पेश गरेको प्रतिवेदन स्वीकृत भइ बिजक पेश गरेको ३० दिन भित्र रकम भुक्तानी गरिनेछ। नेपाल सरकारको नियमानुसार VAT र कर कट्टा गरिनेछ।

## ११. भौतिक सुविधा(Logistic Support)

कम्पनीले आवश्यकताअनुसार कार्यस्थल उपलब्ध गराउने छ। तर कम्प्युटर, सवारी साधन र खाजा स्वयंले व्यवस्था गर्नुपर्नेछ।

## १२. गोपनीयता(Confidentiality)

चार्टर्ड एकाउन्टेन्टले संस्थासँग सम्बन्धित सम्पूर्ण वित्तीय विवरण गोप्य राख्नुपर्नेछ र संस्थाको पूर्वस्वीकृति बिना कुनै जानकारी सार्वजनिक गर्न पाउनेछैन।

Cheta Raj Bajgain
Chief
Finance Division